**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ११ जनवरी २०२५

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले **विकसित भारत युवा नेता संवाद** देशका युवाहरूलाई राष्ट्रको विकास यात्रामा सहभागी गराउने एउटा अद्वितीय पहल भएको बताउनु भएको छ।

२. गृहमन्त्री अमित शाहले बर्ष २०२४ मा १६ हजार ९०० करोडभन्दा अधिक मुल्यको मादक पदार्थ जफत गरिएको बताउनु भएको छ।

३. पछिचम बगालकी मुख्यमंत्री ममता ब्यानर्जी १९ जनवारीदेखि छ दिवसीय उत्तर बगालको भ्रमणमा रहनुहुनेछ।

४. अयोध्यास्थित श्री राम जन्मभूमि मन्दिरमा रामलला प्रतिष्ठानको प्रथम वार्षिकोत्सवका अवसरमा तीन दिने प्रतिष्ठा द्वादशी महोत्सव आजदेखि शुरु भएको छ।

र

५. तेस्रो लामागाउँ सुपर गल्स गोल्डकप आगामी १३ जनवारी देखी शुरु हुने भएको छ

**प्रधानमंत्री-युवा नेता**

प्रधानमन्त्री नरेन्द्र मोदीले **विकसित भारत युवा नेता संवाद** देशका युवाहरूलाई राष्ट्रको विकास यात्रामा सहभागी गराउने एउटा अद्वितीय पहल भएको बताउनु भएको छ। यसका साथै यस कार्यक्रमको उद्देश्य एक विकसित भारतको सपना साकार गर्न युवा दिमागको ऊर्जा, रचनात्मकता र नेतृत्वलाई परिचालन गर्नु रहेको समेत श्री मोदीले बताउनुभयो। यसै क्रममा श्री मोदीले आज राष्ट्रिय युवा महोत्सव २०२५ र **विकसित भारत युवा नेता संवाद**का बारेमा युवा मामिला तथा खेलकुद राज्यमन्त्री रक्षा खडसेले लेख्नुभएको एक लेखको साझा गर्नुभयो।

****** ० ******

**शाह-मादक पदार्थ तस्करी सम्मेलन**

केन्द्रीय गृहमन्त्री अमित शाहले बर्ष २०२४ मा १६ हजार ९०० करोडभन्दा अधिक मुल्यको मादक पदार्थ जफत गरिएको बताउनु भएको छ। यो संख्या स्वतन्त्रतापछिको सबैभन्दा ठुलो आँकडा हो। नयाँ दिल्लीमा आज आयोजित मादक पदार्थ तस्करी र राष्ट्रिय सुरक्षासम्बन्धी क्षेत्रीय सम्मेलनको अध्यक्षता गर्दै शाहले विगत १० वर्षमा लगभग २४ लाख किलोग्राम लागुऔषध जफत गरिएको र ५६ हजार ८०० करोड भन्दा अधिक मूल्य बराबरको मादक पदार्थ नष्ट गरिएको जानकारी दिनुभयो।

****** ० ******

**ममता- उत्तर बंगाल**

पशिचम बंगालकी मुख्यमंत्री ममता व्यानर्जी १६ जनवरी देखि ६ दिने उत्तर बंगालको भ्रमणमा रहने सम्भावना प्रशासनीक स्रोतहरूबाट थाहा लागेको छ। विगत १२ नोभेम्बरदेखि १४ नोभेम्बर सम्मको आफ्नो दार्जीलिङ आउने कुरा भन्नुभएको थियो। मुख्यमंत्रीको सम्भावित उत्तर बंगाल भम्रण लागि दार्जीलिङ ,कालेबुङ, अलिपुरद्वार, कुचबिहार, जलपाईगुड़ी, उत्तर र दक्षिण दिनाजपुर अनि मादलदाका जिल्ला शासकहरू सक्रिय देखिन्दैछन्। मुख्यमंत्रीको सचिवालय नवान्नबाट

सूत्रहरूले दिएको जानकारी अनुसार मुख्यमंत्री ब्यानर्जी १६ जनवरीको दिन मालदा ,२० जनवरी बालुरघाट, २१ जनवरी रायगंज, २२ जनवरी जलपाईगुड़ी , २३ जनवरी दार्जीलिङको सिलगड़ी र २४ जनवरीको दिन अलिपुरद्वार अनि त्यस पछि कोलकाता फर्किने सम्भावना छ। मुख्यमंत्रीको यस सम्भावित उत्तर बंग भ्रमणको तैयारीमा जिल्ला प्रशासन जुटि सकेको पनि जानकारी प्राप्त भईरहेका छन्।

****** o ******

## टिएमसी लिडर सस्पेन्डेड

त्रिणमूल कंग्रेसले आफ्नो २ जना नेताहरूलाई पार्टीबाट निलम्बित गरेको छ। कोलकाता महानगर निगमको काउन्सीलर तथा पछि राज्य सभा सांसद रहेका ड़ा. शान्तनु सेन अनि दक्षिण चौबिस परगना जिल्लाको भांगड़का विधायक अरबुल ईस्लाम लाई पार्टीबाट विरोधी गतिविधिको आरोपमा निलम्बित गरिएको छ। ड़ा. सेनले आर.जी कर मेडिकल कलेज अस्पताल मा एउटा रेजिडेन्ट ड़ा. सित भएको जधन्य बलातकार अनि हत्या काण्डमा टिएमसी सरकारको प्रशासनिक विफलताको सार्वजनिक आलोचना गरेका थिए। अर्कोतिर अरबुल ईस्लाम को विरोधमा पार्टीको अर्को नेता सौकत मोल्लाले मोर्चा खोलि राखेका थिए। मोल्लाको विरोध गर्दै ईस्लामले पार्टी गतिविधि चलाई राखेकाले उनलाई पनि निलम्बित गरिएको हो।

****** o ******

## पश्चिम बंगाल- विध्यार्थी बिना विध्यालय

देशको केन्द्रिय शिक्षा मंत्रालयद्वारा जारी आकंड़ाहरू अनुसार देशमा विध्यार्थीहरू बिनाको सबैभन्दा बढ़ी विध्यालय पश्चिम बंगालमा रहेको छ। केन्द्रिय शिक्षा विभागको वर्ष २०२३-२४ को रिर्पोटमा भनिएको छ पश्चिम बंगालमा ३,२५४ वटा यस्ता विध्यालयहरू छन् जहाँ एउटै पनि विध्यार्थी छैनन्। तर अचम्भको कुरो के छ भने यी स्कूलहरूमा जम्मा १४, ६२७ शिक्षक-शिक्षिकाहरूले तलब खाईरहेका छन्। शिक्षा विभागको रिर्पोट अनुसार देशभरी १२, ६५४ वटा स्कूलहरू यस्ता भेटिएका छन् जहाँ एउटै पनि विध्यार्थी छैनन्। रिर्पोटमा अर्को अचम्भ लाग्दो आकंड़ा के रहेको छ भने पश्चिम बंगाल राज्यमा ६,३६६ वटा यस्ता विध्यालयहरू छन् जसमा एक मात्र शिक्षक रहेका छन्। पश्चिम बंगालमा रहेको टिएमसी शिक्षक संगठनले केन्द्रिय शिक्षा मंत्रालयको यस रिर्पोटलाई खारेज गरेको छ।

****** o ******

## तृणमूल

टीएमसीका वरिष्ठ नेता तथा सिलिगुडीका मेयर गौतम देबले स्थानीय भाजपा विधायक शंकर घोषले विकासमा अवरोध पुर्याएको आरोप लगाउनु भएको छ भने विधायकले शहरको विकासमा मात्र राजनीति गरिरहेको बताउनु भयो। मेयर गौतम देबले शनिबार आयोजित 'टक टु मेयर' कार्यक्रममा यस्तो बताउनु भएको हो। कार्यक्रममा मानिसहरूले मेयरलाई फोन गरे र शहरका धेरै वाडहरूमा खराब सडकहरूको बारेमा गुनासो गरे।

****** o ******

## अयोध्या वर्षगांठ

अयोध्यास्थित श्री राम जन्मभूमि मन्दिरमा रामलला प्रतिष्ठानको प्रथम वार्षिकोत्सवका अवसरमा तीन दिने प्रतिष्ठा द्वादशी महोत्सव आजदेखि शुरु भएको छ । यस अवसरमा श्रीराम मन्दिरलाई ५० क्विन्टलभन्दा अधिक फूलले सजाइएको छ । यसका साथै रामललालाई पंचामृत र सरयू जलले अभिषेक गरी ५६ भोग प्रसाद अर्पण गर्नुका साथै महाआरती पनि गरिएको छ ।

****** o ******

## Bill

दार्जीलिङको एउटा गैर सरकारी संस्था दार्जीलिङ वेलफेयर सोसाइटीले अर्को अन्तराष्ट्रिय गैर सरकारी संस्था बील मिलिण्डा गेट्स फाउण्डेशनको सहयोग तथा स्थानीय स्वनिर्भर समुहहरु सक्रियतामा खरसाङको अम्बटे चियाबारीमा साबुन बनाउने कारखानाको शुरूवात गरियो। अम्बटे चियाबारीको पाँचघरे सार्वजनिक भवनमा सम्पन्न कार्यक्रममा दार्जीलिङ सेवा संस्थाका प्रमुख हर्षवर्ध्दन सिङ्लाको विशेष उपस्थिति रहेको थियो। त्यसबाहेक बील मिलिण्डा गेट्स फाउण्डेशनका प्रतिनिधि अनि अन्य विभिन्न संस्थाका प्रतिनिधिहरू, पाण्डु ग्राम पञ्चायतका प्रधान अनि सचिव लगायत अन्य प्रतिनिधिहरू, पञ्चायत सदस्यहरू, स्थानीय गण्यमान्य व्यक्तिहरू तथा विभागीय अधिकारीहरू उपस्थित थिए। कार्यक्रम पूर्व श्री सिङ्लाले स्वनिर्भर दलका सदस्यहरूद्वारा शुरू गरिएको साबुन निर्माण परियोजनाको उद्घघाटन गर्नुभयो भने स्थानीय महिलाहरूद्वारा आधुनिक पद्धतिमा शुरू

गरिएको खेतीपातीको पनि श्रीङलाले अवलोकन गर्नुभयो। यसका साथै कार्यक्रमको अवसरमा अम्बटे चियाबारीका केही कान नसुन्ने वृद्ध-वृद्धा कानमा लगाउने मेसिनहरू प्रदान गरे व्हील चियर तथा साबुन बनाउने प्रशिक्षण लिएका प्रशिणार्थीहरूलाई प्रमाणपत्र अनि लाइसेन्स अनि साबुन बनाउने सामग्री र भाँडा वर्तनहरू पनि प्रदान गरे।

****** ० ******

**घूम**

घूम-जोरबङ्गलोका बासिन्दाहरुको निम्ति पर्यटन सिजनको समय ट्राफिक अत्याधिक भीडभाड हुने भएकोले गर्दा धेरै नै समस्या भोग्न पर्ने हुन्छ। उक्त भीडलाई केहि हदसम्म कम गर्न तथा स्थानीयहरुको सुविधालाई ध्यानाकर्षण गर्दै स्टीम इन्जिनलाई देशी तथा बिदेशी पर्यटकको निम्ती  चलाएर डिजल इन्जिनलाई  स्थानीयहरुको निम्ती दिनमा दुईदेखि चार पटकसम्म घूमदेखि दार्जीलिङसम्मको यातायात सेवा दिनुपर्ने घुम पिपल्स अर्गनाइजेशनले माग पुन दोहर्याएको छ। यसै विषयलाई लिएर दार्जीलिङको सांसद राजु बिष्टलाई अर्गानाइजेशनका टोलीले २०२३ साल मै  ज्ञापनपत्र बुझाए तापनि यो बिषयमाथि ठोस पहल हुन नसकेको अर्गानाइजेशनको गुनासो रहेको छ भने चाडै यसबारेमा पहल गरिनुपर्ने माग गरेका छन।

****** ० ******

**रिम्बिक**

विगत लामो समयदेखि स्थानीयवासीहरु भोगिरहेको राशन समस्यलाई जमिनी स्तरमा पुरा गर्ने उदेश्यको साथमा दार्जिलिङ पुलबजार खण्ड अधिनस्त रिम्बीक ग्राम पंच्यात प्रधान अल्का प्रधानको सकृयतामा एक महत्त्वपूर्ण सभा सप्पन्न गरियो। प्रधानकौ अध्यक्षतामा सप्पन्न  सभामा रिम्बीक ग्राम पंच्यात अन्तर्गत राशन दोकान नम्बर १०४ अनि १५४ वितरकहरूसित सर्वसाधारणको बिशेश उपस्थित थियो ि भने बैठकमा मुख्य रूपमा जन्ता पाउने राशनबारेमा सर्वसाधारणको राय सुनियो यसका साथै अहिलेसम्म सबै थोक कम पाएको जनगुनासोलाई अधि राख्दै अब आउने महिनादेखि ६ केजी चामलको सट्टा एक जनाले ८ केजी चामल र २ किलो प्रति व्यक्ति आटा वितरण गर्ने थाहा लागेको छ ।

****** ० ******

**राजु विष्ट बागडोगरा हवाई अड्डा**

दार्जीलिङका लोकसभा सांसद राजु विष्टले आज बागडोगरा हवाई अड्डाको भ्रमण गर्नुभयो। तथा हवाई अड्डा टर्मिनल  अन्य विकास कार्यहरूको जानकारी लिनुभयो। यस हवाई अड्डाको नयाँ टर्मिनल र अन्य विकास कार्यलाई मार्च २०२७ सम्मा पूरा गर्ने लक्ष्य राखिएको छ। विगत वर्षको आरम्भमा प्रधानमंत्री नरेन्द्र मोदीले सिलगड़ीको कावाखाली देखि भिडियो कान्फ्रेन्सिंगद्वारा नयाँ टर्मिनल निमार्णको आधार शिला राख्नु भएको थियो।नयाँ टर्मिनलको निमार्ण ७०,३६० वर्ग मीटरको क्षेत्रफलामा गरिनेछ। यसले गर्दा प्रतिदिन ३ हजार यात्रीहरू सहज रूपमा यहाँबाट यात्रा गर्न सक्छन्। वर्षमा झण्डै २ लाख यात्रीहरूले यहाँबाट यातायात गर्न सक्ने छन्। यस टर्मिनलमा १० वटा पार्किंग बे हरू हुने छन् जहाँ A321 स्तरका विमानहरूले पार्क गर्न सक्नेछन्। यसका साथै एउटा बहुतले विशाल पार्किङको पनि निमार्ण गरिनेछ जहाँ कारहरू पार्क गर्न सकिन्छ। यहाँ अत्याधुनिक सुविधाहरू उपलब्ध हुनेछ।

****** ० ******

**नेपालको नागरिक पक्राउ**

भारतीय सेनाको खुफिया विभागले कारवाही गर्दै दार्जीलिङ जिल्लाको खोरीबाड़ी इलाकाबाट सिम वक्स, मोबाईल फोनहरू ,सीमहरू र आपत्ती जनक दस्तावेजहरूका साथ नेपालको एक नागरिकलाई पक्राउ गरेको छ। गुप्त जानकारीको आधारमा कारवाही गर्दै सेनाको खुफिया विभागले नेपालको इलाम जिल्ला निवासी ४४ वर्षीय यज्ञ निधि पाठकलाई पक्राउ गरेको हो। स्मरण रहोस सीम वक्सको प्रयोग साईबर अपराध अनि आतंकी गतिविधिहरूका लागि गरिन्छ। सीम बक्सको मददले फोन गरिएको खण्डमा फोन गर्ने व्याक्तिको पूरा नम्बर र लेकशनको जानकारी हासिल गर्न सकिन्दैन। यस्ता सीम बक्सको प्रयोगद्वारा राष्ट्रिय र अन्तराष्ट्रिय कल गर्न सकिन्छ। केरकार पछि सिलगड़ीको कुनै व्याक्तिलाई त्यो सीम बक्स बेच्न आरोपी भारत आएको थियो। आरोपीलाई सेनाले स्थानीय पुलिसलाई जिम्मा दिएको छ।

****** ० ******

**लामागाउ**

छोरीहरू पनि छोराहरू भन्दा कमि छैनन् भन्ने सन्देश दिदै लामागाउँ वेलफेयर सोसाइटीद्वारा आयोजित लामागाउ गोल्डकपको अवसरमा तेस्रो  लामागाउँ सुपर गल्स गोल्डकपको खेल तालिका आज सार्वजनिक गरिएको छ। सोसाइटी अध्यक्ष सन्दीप लिम्बु नेतृत्वमा गरिएको सार्वजनिक कार्यक्रममा सोसाइटीका कार्यकताहरुको बिशेश उपस्थिति थियो। प्रतियोगितामा नामि आठ दलहरूलाई मौका दिइएको छ भने प्रतियोगितामा बिजेता दललाई रु एक लाख तथा उपबिजेतालाई रु पचास हजार सहितको पुरस्कार प्रदान गरिने बताइएको छ। प्रतियोगिता १३ जनवारीदेखी शुरु भएर २६ जनवारीसम्म चल्नेछ

****** ० ******